# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ४२ मितिः २०७८/०१/२३

भाग-२

## कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०७६ (पहिलो सशोधन,२०७८)

भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

प्रमुख

# कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७६ (पहिलो संसोधन २०७८)

प्रमाणिकरण मितिः२०७६/०६/२७

पहिलो संसोधन मितिः २०७८/०१/२३

**प्रस्तावनाः**

भरतपुर महानगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन गर्न, कृषि उत्पादन लागत घटाउन, युवा जनशक्तिलाई उत्पादन क्षेत्रमा आकर्षित गर्न, जमिन तथा श्रमिकको उत्पादकत्व बृद्धि गर्नुका साथै कृषिलाई आधुनिकिकरण, व्यवसायीकरण र प्रतिष्पर्धी बनाउन आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम यस कार्यविधिलाई महानगरपालिकाले स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

१) **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भरतपुर महानगरपालीकाको कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यविधि २०७६(संसोधन सहित २०७८)" रहनेछ ।

(२) यो कार्यविधि स्वीकृत भई प्रमाणिकरण मिति देखि लागु हुनेछ ।

(३) यो कार्यविधि भरतपुर महानगरपालिका भर लागु हुनेछ ।

२) **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"महानगरपालिका "**भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्छ ।

ख) ** **"कार्यपालिका"** भन्नाले भरतपुर महानगरपालिको कार्यपालिकालाई जनाउने छ ।

ग) ****"प्रमुख"** भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख लाई जनाउने छ ।

घ) ****"उपप्रमुख"** भन्नाले भरतपुर महानगरपालिकको उपप्रमुख लाई जनाउने छ ।

ङ) ****"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

च) ****"महाशाखा प्रमुख"** भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास महाशाखाको प्रमुखलाई जनाउने छ ।

[**पहिलो संसोधनवाट थप गरिएको, * पहिलो संसोधनवाट झिकिएको text]

छ) ** "आर्थिक विकास समिति" भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास समितिलाई जनाउने छ ।

ज) "सम्वन्धित शाखा" भन्नाले भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धनशाखालाई जनाउने छ ।

झ) ** "शाखा प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा प्रमुखलाई जनाउने छ ।

ञ) ** सेवाकेन्द्र भन्नाले एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र/पशु सेवा केन्द्र लाई जनाउने छ ।

ट) "मूल्याङ्कन समिति " भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गठित समितिलाई जनाउने छ ।

ठ) "आपूर्तिकर्ता" भन्नाले कृषि यन्त्र उपकरण उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक तथा डिलरलाई सम्झनु पर्दछ ।

ड) "कृषि यन्त्र उपकरण" भन्नाले बाली, पशुपंक्षी, दुग्ध, मत्स्य, मौरी आदि जस्ता कृषि उपजहरुको उत्पादन, प्रशोधन, भण्डार तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेण्टलाई समेत सम्झनु पर्छ ।

ढ) "साझेदार लाभग्राही" भन्नाले अनुदानमा कृषि यन्त्रउपकरण लिन ईच्छुक कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि उद्यमी आदिलाई सम्झनु पर्दछ ।

ण) "स्वलगानी" भन्नाले साझेदारले लगानी गर्ने अनुदान बाहेकको रकमलाई सम्झनुपर्दछ ।

३) **कार्यक्रम संचालनको उद्धेश्यः** यन्त्र उपकरणको प्रयोगबाट देहाय बमोजिमका उद्धेश्य पुरा हुनेछ ।

क) कृषि उत्पादनमा लागत घटाउने ।

ख) युवा जनशक्तिलाई कृषि व्यवसायमा आकर्षण गर्ने ।

ग) जमिन तथा श्रमिकको उत्पादकत्व वृद्धि गर्ने ।

घ) कृषि कर्ममा यान्त्रिकरण प्रवर्द्धन गर्ने ।

ङ) कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

च) कृषिलाई आधुनिक, व्यवसायिक र प्रतिस्पर्धी बनाउने ।

परिच्छेद -२

## कार्यक्रम सञ्चालनको प्रक्रिया

४) * कृषि यन्त्र उपरकणको आपूर्तिका लागि प्रस्ताव आव्हानः ............

५) * आपूर्तीकर्ता /साझेदार मूल्यांकन समितिः ..........................

६) **प्रस्ताव माग तथा कार्यक्रम सञ्चालनः**(१) यस कार्यविधि बमोजिम कृषि यन्त्र उपकरण लिन चाहने साझेदारका लागि बढीमा ३० दिनको म्याद दिई महानगरपालिकाले अनुसूचि-१ बमोजिम स्थानीय संचार माध्यम (छापा तथा रेडियो )मा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ । महानगरपालिकाले सबै वडा कार्यलयहरु तथा कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र मार्फत समेत सूचना प्रचार प्रसार गर्नेछ ।

(२)अनुदान सहयोग लिन चाहने साझेदारले अनुसूचि -२ बमोजिम तोकिएको म्यादभित्र महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखामा प्रस्ताव पेश गुर्नुपर्नेछ ।

(३) * ..............................

(३) ** कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाले उपदफा(२) बमोजिम प्राप्त हुन आएका प्रस्तावको आवस्यकतानुसार फिल्ड भेरिफिकेसन समेतको आधारमा प्रारम्भिक मूल्याङ्कन गरी मूल्याङ्कन समितिमा पेश गर्नुपर्नेछ ।

(४) ** मुल्यांकन समितिले अनुसूचि-३ बमोजिम प्रस्तावहरुको मुल्यांकन गरी लाभग्राही तथा उपलब्ध गराउने उपकरणहरुको छनौट तथा अनुदान रकम निर्धारण गर्नेछ ।।

(५) ** उपदफा (४) बमोजिम छनौट भएका कृषक लाभग्राहिले आफुले माग गरेको उपकरणको क्षमता, मोडेल, ब्राण्ड र अन्य स्पेसिफिकेशन सहित कम्तीमा तीनवटा आधिकारिक आपूर्तिकर्तासंगको मुल्य खुल्ने दरभाउपत्र पेश गर्नुपर्नेछ ।यसरी पेश गरीने दरभाउ पत्रको साथमा आपूर्तिकर्ताको निम्नानुसारका कागजात समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

क) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

ख) संस्था नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

ग) संस्थाको पान वा भ्याट प्रमाण पत्रको प्रतिलिपि

घ) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

ङ) आधिकारिक एजेन्टको प्रमाण पत्रको प्रतिलिपि

[**पहिलो संसोधनवाट थप गरिएको, * पहिलो संसोधनवाट झिकिएको text]

७) * प्रारम्भिक मूल्याङ्कन समितिः ........................

८) सम्झौता प्रक्रियाः (१) * ........................

(१) ** दफा ६(५) वमोजिम पेश भएको कागजातमा उल्लेखित उपकरणको क्षमता, मोडेल, ब्राण्ड र स्पेसिफिकेशन अनुसारको उपकरण खरीदको लागी भरतपुर महानगरपालीका संग साझेदार लाभग्राहीले अनुसूचि ४ बमोजिम तोकीएको अवधि भित्र सम्झौता गर्नुपर्नेछ ।

(२)उपदफा (१) बमोजिमको समयसीमा भित्र सम्झौता गर्न नआएमा क्रमशः प्राथमिकतामा रहेका साझेदार संस्थासंग सम्झौता गर्न सकिनेछ ।

९) * साझेदार लाभग्राहीको दायित्वः ....................

९) ** **साझेदार लाभग्राहीको दायित्वः** साझेदार लाभग्राहीले छनौट भएको कृषि यन्त्र उपकरण आफुले पेश गरेको दरभाउपत्रमा कम दर पेश गर्ने आपूर्तिकर्तावाट तोकिएको दररेटमा खरिद गर्नुपर्नेछ । लाभग्राहीले कृषि यन्त्र उपकरण प्राप्त गरेपछि सो उपकरण प्राप्त भएको भनी संस्था/सहकारी/फर्मको दाखिला प्रतिवेदन सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ ।।

१०. * भुक्तानी प्रक्रियाः .....................

**१०. ** भुक्तानी प्रक्रियाः**(१) साझेदार लाभग्राहीले अनुदान रकम भुक्तानी पाउन साझेदारले आपूर्तिकर्ताको बैंक खातामा यन्त्र उपकरण वापतको रकम जम्मा गरेको सक्कल भौचर, बिल बीजक, अनुसूचि ५ बमोजिमको विवरण र यन्त्र उपकरणको फोटो र अन्य आवश्यक कागजातहरु सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ ।यसरी साझेदार लाभग्राहीले पेश गरेका कागजातहरु सम्बन्धित शाखाले चेक जाँच गरी सिफारीस साथ अनुदान रकम भुक्तानीकालागि भरतपुर महानगरपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।सम्बन्धित शाखाले पेश गरेको विवरण तथा सिफारीस पत्रको आधारमा साझेदारले पाउने अनुदान रकम साझेदार वा आपूर्तिकर्तालाई बैंक मार्फत् भुक्तानी दिईनेछ ।

(२) छनौट भएका कुनै साझेदारले देश बाहिरबाट आयात गर्न चाहेमा त्यस्ता साझेदारले प्रक्रिया पुरा गरी आयात गरेमा तोकिए बमोजिमको अनुदान रकम उपलब्ध गराईनेछ ।

**११. आपूर्तिकर्ताको दायित्वः** कृषि यन्त्र उपकरण आपूर्ति गर्ने आपूर्तिकर्ताले अनुसुची ६ को ढाँचामा प्रत्येक कृषि यन्त्र उपकरणमा प्रष्ट देखिने गरी लामो समयसम्म टिकाउ हुने स्टीकर टास्नु पर्नेछ ।

**१२. विशेष प्राथमिकताः** (१) जमिनको चक्लावन्दी गरि सामूहिक खेती गर्ने र पिछडिएको क्षेत्र तथा समुदायलाई विशेष प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।

(२)कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय र प्रदेशका निकायद्धारा संचालित कार्यक्रम /कार्यालयहरुसँग समन्वय गरि दोहोरोपना नहुने गरि एकिकृत रुपमा संचालन गरिनेछ ।

[**पहिलो संसोधनवाट थप गरिएको, * पहिलो संसोधनवाट झिकिएको text]

(३)महिला कृषक, जनजाती तथा दलित समुदाय रहेको समूह/सहकारीलाई प्राथमिकता दिइने छ ।

**(१३) अनुगमन तथा मूल्याङ्कनः**(१) कार्यक्रमहरुको नियमित रुकमा अनुगमन तथा मूल्याङ्कन कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा र कृषि तथा पशु सेवा केन्द्रले गर्नेछ ।

(२) यस कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार महानगरपालिका, आर्थिक विकास समिति तथा संयुक्त अनुगमन समितिले समेत गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन महानगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) ** अनुगमन तथा मुल्यांकनमा जादाको प्रति व्यक्ती प्रति दिन रु १०००।– मा कर काटेर उपलव्ध गराइने छ ।

परिच्छेदः३

<u>कार्यक्रम सञ्चालनको आर्थिक तथा अन्य पक्ष</u>

**१४. कार्यक्रम सञ्चानलनको आर्थीक पक्षः** (१) * ............................

१. ** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम महानगरवाट उपलव्ध गराईने कृषि यन्त्र उपरकणमा वढीमा पचास प्रतिशत अनुदान उपलब्ध गराईनेछ ।

(२) स्वीकृत कार्यक्रम बजेटको ३% रकम कन्टेजेन्सी वापत कट्टा गरिनेछ र सो रकम बैठक, अनुगमन/निरीक्षण, इन्धन स्टेशनरी तथा अनुसुची फर्मेट छपाई आदि कार्यमा खर्च गरिनेछ ।

**१५. कारवाहीको व्यवस्थाः** (१) * ....................

(१) ** दरभाउपत्रमा उल्लख गरे बमोजिमको कृषि यन्त्र उपकरण आपूर्ति नगर्ने आपूर्तिकर्तालाई नगर कार्यपालिकाको कार्यालयले प्रचलित कानून बमोजिम कार्वाही गर्नेछ ।

२.साझेदारले यस कार्यविधिमा निर्धारीत कुनै सर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्रउपकरणहरुको दुरुपयोग गरेमा त्यस्ता साझेदारवाट १०% जरिवाना सहित अनुदान रकम असुल उपर गरिनेछ ।

**१६) संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आइपरेमा महानगरपालिकाले संशोधन गर्न सक्नेछ ।

[**पहिलो संशोधनवाट थप गरिएको, * पहिलो संशोधनवाट झिकिएको text]

१७) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूचि -१ हटाइ देहाय बमोजिमको अनुसूचि -१ राखीएको**

## अनुसूची -१

(दफा ६ को (१) सँग सम्बन्धित )

## साझेदारका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः

भरतपुर महानगरपालिका अन्तर्गत कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व.......... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यन्त्रउपकरणहरु अनुदानमा उपलव्ध गराइने हुदा महानगरपालिका क्षेत्रका कृषक समूह/कृषि सहकारी/नीजि कृषि फर्म/कृषि उद्यमीले यो सूचना प्रकशित भएको मितिले ........ दिन भित्र कार्यालय समयमा देहाय बमोजिमका कागजात सहित निवेदन प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पेश गर्नुपर्ने कागजातहरुको विवरण**

१) निवेदन

२) आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि

३) संस्था नविकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्टारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।

४) साझेदारको पान वा भ्याट प्रमाण पत्रको प्रतिलिपि

५) करचुक्ता प्रमाण पत्र

६) साझेदारको बैठक निर्णय प्रतिलिपि

७) साझेदार संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिएको अख्तियारी पत्र

८)अधिकार प्राप्त पदाधिकारीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र फोटो एक प्रति (पासपोर्ट साइज)

प्रमुख

अनुसूचि २ हटाइ देहाय बमोजिमको अनुसूची -२ राखीएको

## अनुसूची-२

(दफा ६ को उपदफा (२)सँग सम्बन्धित)

### अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने साझेदारले पेश गर्ने निवेदन ढाँचा

मितिः-..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू<br>
भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय,<br>
भरतपुर,चितवन ।

विषयः- कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाँउ ।

मलाई/हामीलाई/कृषि /पशुपंक्षी क्षेत्रमा उपयोग गर्नका लागि कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७६(संसोधन सहित २०७८) अनुसार मिति.................................मा प्रकाशन गरिएको सूचनाको आधारमा ............................... कृषि यन्त्र उपरकरण आवस्यक परेकोले संलग्न फारम भरि कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनको लागि यो निवेदन पेश गरेको छु /छौ ।

१.

२.

३.

छाप

निवेदक

आधिकारिक व्यक्तिको सहीः-...................................<br>
आधिकारिक व्यक्तिको नामः-...................................<br>
दर्जा ....................................................................<br>
साझेदारको नाम र ठेगाना ..........................................



प्रमुख

## कृषि यन्त्र उपकरण अनुदानमा लिने साझेदार संस्थाले छनौटको लागि भर्ने विवरण फाराम

१) संस्थाको नाम..............................................................अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्र.प.नं...............................................................................

२) संस्था दर्ता नं..................दर्ता मिति...........................दर्ता निकाय.......................................

३) स्थायी ठेगानाः- चितवन जिल्ला भरतपुर महानगरपालिका...........वडा नं. टोल ..................................

४) सम्पर्क मोबाईल नं..................................ईमेल ..........................................................

५) सम्पर्क व्यक्तिको नाम ...............................................पद.................

मोबाईल नं...................................................

६)नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तीय संस्थाको नाम(खाता भएको बैंकको नाम) ..........................

ठेगाना......................खाता नं...................

७) साझेदारको पान नं...........................................

८) सदस्य संख्या .................... महिला .............पुरुष...... दलित..............जनजाति......................

९) लाभान्वित कृषक संख्याः प्रत्यक्ष ........................अप्रत्यक्ष........................................

१०) प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| सि.नं. | आपूर्तकर्ताको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडल | हर्ष पावर /साइज | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

११) प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने जग्गाको विवरण

| सि.नं. | प्रयोग गर्ने सदस्य | जग्गाको क्षेत्रफल (कठ्ठा) | खेती विवरण(लगाइने वाली तथा क्षेत्रफल) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | धान | गहुं | मकै | तरकारी | अन्य | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

*नोटः विवरण नअटेमा पाना थप गरी भर्ने ।*

११) प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने: भरतपुर महानगरपालिका वडा नं...............................

१२) कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेक स्वलगानी तिरी कार्यक्रम संलग्न हुन सहमत छु । छौ ।

माथि पेश गरेको बिवरण ठीक साचो छ,झुटा भएमा कानूनी कारवाही भएमा राजी छु/ छौ /मलाई /हामीलाई त्यस महानगरपालिकाबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु । छौ ।

संस्थाको छाप

निवेदकको सही

नामः

पदः-

मितिः

संस्थाको नाम................

अनुसूचि ३ हटाइ देहाय बमोजिमको अनुसूची -३ राखीएको

## अनुसूची-३

(दफा ६ को उपदफा (४)सँग सम्बन्धित)

### मुल्यांकनका आधारहरु

मुल्यांकनका आधारहरु यन्त्र उपकरणको प्रकृति अनुसार फरकहुन सक्नेछ ।यसरी फरक भएको मुल्यांकनका आधारहरु मुल्यांकन समितिले निर्णय गर्न सक्नेछ ।मुल्यांकन समितिले मुल्यांकनका आधारहरुलाई थप विस्तृत रुपमा विश्लेशण गर्न आधारहरुको आवस्यकतानुसार भार समेत परिवर्तन गरी थप वर्गिकरण गर्न सक्नेछ । सामान्यतया तपशिल बमोजिमको मुल्यांकनको आधार मानिनेछ ।

| क्र.सं. | निवेदक | ठेगाना | माग गरिएको उपकरण | मुल्यांकन | | | | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रयोग गरिने क्षेत्रफल | व्यवसायिकता | प्रयोग गर्न सक्ने क्षमता | लाभान्वित परिवार संख्या | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूचि ४ हटाइ देहाय बमोजिमको अनुसूची -४ राखीएको

अनुसूची-४

(दफा ८ सँग सम्बन्धीत)

साझेदार र महानगरपालिका बीच सम्झौता पत्र

भरतपुर महानगरपालिका (यस पछि प्रथम पक्षा भनिने ) र श्री ............................................... भ.म.न.पा. वडा नं............(यस पछि दोश्रों पक्ष भनिने) बीच भरतपुर महानगरपालिकाको आ.व............. को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि यान्त्रिकरण सम्बन्धी कार्यक्रम संचालनको लागि मिति.................................गतेको सूचना मुताबिक पेश हुन आएका प्रस्तावहरु मध्ये छनौट भएकोले तपशिल अनुसारका शर्तहरु पालना गरी अनुदानमा ..............................यन्त्र उपकरण खरिद कार्यक्रम संचालनका लागि यो सम्झौता गरिएको छ ।

तपशिल

दोश्रो पक्षले सम्वन्धित आपूर्तिकर्ता ....................................बाट ..............................कृषि यन्त्र उपकरण खरिद गर्नुपर्नेछ ।

१) प्रथम पक्षले कृषि यन्त्र उपकरणको परल मूल्यको ..............प्रतिशत वा रु. ...............मध्ये जुन कम हुन आउछ सोहि सम्मको अनुदान रकम उपलब्ध गराउने छ ।

२) दोश्रों पक्षले चाहेको कृषि यन्त्र उपकरणको परल मूल्यको मध्ये अनुदान बाहेकको रकम स्वलगानी गरि खरिद गर्नुपर्नेछ ।

३) दोश्रो पक्षले निम्नानुसारको क्षमता, मोडेल, ब्राण्ड र स्पेसिफिकेशन भएको .................यन्त्र खरिद गर्नुपर्नेछ ।

क) मोडेल..................

ख) क्षमता.................

ग) ब्राण्ड............

घ) अन्य स्पेसीफिकेशन खुलाउने............

.....................

......................

[**पहिलो संसोधनवाट थप गरिएको, * पहिलो संसोधनवाट झिकिएको text]

४) दोश्रो पक्षले खरिद गरेको कृषि यन्त्रउपकरणको खरिद रकम मध्ये अनुदान बाहेकको स्वलगानी रकम वा पुरै रकम सम्वन्धित आपूर्तिकर्ताको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

५) दोश्रो पक्षले खरिद रकम आपूर्तिकर्ताको बैंक खातामा जम्मा गरेको सक्कल भौचर, बिल बिजक, कृषि यन्त्र उपकरणको फोटो, सम्वन्धित वडा कार्यालयको सिफारिस सहित अनुदान रकम भुक्तानीको लागि सम्वन्धित शाखामा पेश गर्नुपर्नेछ ।

६) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन,व्यवस्थापन ,जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

७) कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

८) सम्झौता अनुरुप काम नगर्ने दोश्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिई दुरु पयोग गरेमा दोश्रो पक्षबाट प्रचलित कानून अनुसार हर्जनासहित अनुदान रकम असूल उपर गरिनेछ ।

९) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| साझेदारको तर्फबाट | महानगरको तर्फबाट |
|---|---|
| सहीः-...................................... | सहीः-................................ |
| नामः-...................................... | नामः-................................ |
| दर्जाः-.................................... | दर्जाः-................................ |
| साझेदारको नाम र ठेगानाः-.............................. | नाम र ठेगानाः- भरतपुर महानगरपालिका चितवन |

रोहवरः

नोटः उल्लेखित सर्त वाहेकका अन्य शर्तहरु आवस्यक भएमा सम्वन्धित शाखाले थप शर्तहरु राखी सम्झौता गर्न सक्नेछ ।

अनुसूचि ५ हटाइ देहाय बमोजिमको अनुसूची -५ राखीएको

## अनुसूचि -५

(दफा १० सँग सम्बन्धीत)

### अनुदान रकम भुक्तानी सम्वन्धि फाराम

१) भरतपुर महानगरपालिका वडा नं............ बस्ने साझेदार श्री............................................. छनौट भई माग गरे बमोजिम कृषि यन्त्र उपकरण..............................को खरिद/ बिक्रि मूल्य रु.........................अक्षेरुपी..........................................को कृषि यन्त्र उपकरण ...........................................आपूर्तिकर्ताको खातामा जम्मा गराइएको छ ।

२) कृषि यन्त्र उपकरण बुझी लिनेको नाम.......................... सही............... मिति.............................साझेदार संस्थाको नाम..............................................................

३) ..................................(आपूर्तिकर्ता)लाई.................................कृषि यन्त्र उपकरण खरिद गरे बापत कृषि यन्त्रउपकरणको साझेदारले पाउने अनुदान रकम.......................... (अक्षेरुपी..............................................) सम्वन्धित आपूर्तिकर्ता.................... को .........बैंकको खाता नं. ................................मा जम्मा गरी दिनु हुन सिफारीस गर्दछु ।

साझेदारको नाम र ठेगानाः-..........................

आधिकारिक व्यक्तिको सहीः-.........................

आधिकारिक व्यक्तिको नामः-...........................

दर्जाः-.....................................................

छाप

**महानगरपालिकाको सम्बन्धित शाखाको लागि**

४).........................(आपूर्तिकर्ता)को बैंक.........................ठेगानामा रहेको खाता नं............... ..................................................... मिति......................... मा जम्मा गरेको सक्कल भौचर ।

५) उपरोक्त अनुसार भएको देखिएकोले कृषि यन्त्रउपकरण अनुदान रकम रु.................................. अक्षेरुपी .................................(आपूर्तीकर्ता/साझेदार) को नाममा भुक्तानी प्रयोजनार्थ सिफारीस गर्दछु ।

६)...................................................................................... कृषि यन्त्रउपकरण खरिद गरि ल्याएको फोटो ।

सिफारीस गर्नेको सहीः-......................................  सहीः-............................

दर्जाः-...............................  दर्जाः-.................................

[**पहिलो संसोधनवाट थप गरिएको, * पहिलो संसोधनवाट झिकिएको text]

मितिः-.............................................

स्वीकृत गर्ने अधिकारीः-.....................
मितिः-...................................

अनुसूचि -६ हटाइ देहाय बमोजिमको अनुसूची -६ राखीएको

अनुसूची-६

(दफा ११ सँग सम्बन्धीत)

अनुदान प्रवाहमा उपलब्ध हुने कृषि उन्त्र उपकरण आपूर्तिकर्ताले राख्नुपर्ने स्टिकर वा प्लेटको ढाँचा

| |
|---|
| **भरतपुर महानगरपालिका**<br>कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाबाट लागत साझेदारीमा<br>(अनुदान रकम रु................... ) प्राप्त<br>आ.व. २०......./०.......<br>आपूर्तिकर्ताः-.................................................... |

अनुसूचि -६, ७, ८, हटाइएको

## अनुसूची-४

(दफा ६ को उपदफा (२)सँग सम्बन्धित)

अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने साझेदारले पेश गर्ने निवेदन ढाँचा

मितिः-..........................

श्रीमान् प्रशासकीय अधिकृत ज्यू
भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय,
भरतपुर,चितवन ।

विषयः- कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाँउ ।

मलाई/हामीलाई/कृषि /पशुपंक्षी क्षेत्रमा उपयोग गर्नका लागि कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७६ अनुसार मिति................................ प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपरकरणहरु प्रारम्भिक छनौटको फारममा भरि सेटमा कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनको लागि यो निवेदन पेश गरेको छु /छौ ।

१.

२.

३.

छाप

निवेदक

आधिकारिक व्यक्तिको सहीः-....................................

आधिकारिक व्यक्तिको नामः-.....................................

दर्जा ..........................................................

साझेदारको नाम र ठेगाना .........................................

[**पहिलो संसोधनवाट थप गरिएको, * पहिलो संसोधनवाट झिकिएको text]

## कृषि यन्त्र उपकरण अनुदानमा लिन साझेदार संस्थाले प्रारम्भिक छनौटको लागि भर्ने विवरण फाराम

१)संस्थाको नाम.......................................अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्र.प.नं............................................/जारी मिति.......................................

२)दर्ता नं..................दर्ता मिति...........................दर्ता निकाय.......................................

३)स्थायी ठेगानाः- चितवन जिल्ला भरतपुर महानगरपालिका............................वडा नं. टोल ......................................

४) सम्पर्क मोबाईल नं..........................फोन नं............................................

ईमेल नं..................................................................

५)सम्पर्क व्यक्तिको नाम ................................पद..................

मोबाईल नं.............................................

६)नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तीय संस्थाको नाम(खाता भएको बैंकको नाम) ................................ठेगाना.....................खाता नं.................................................

७) साझेदारको पान नं...........................................

८)सदस्य संख्या ................... महिला .............पुरुष...... दलित..............जनजाति......................

९)लाभान्वित कृषक संख्याः प्रत्यक्ष ........................अप्रत्यक्ष..........................................

१०) प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण

| सि.नं. | आपूर्तकर्ताको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडल | हर्ष पावर /साइज | मूल्य रु | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

११) प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने भरतपुर महानगरपालिका वडा नं...............................

१२) कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेक स्वलगानी तिरी कार्यक्रम संलग्न हुन सहमत छु । छौ ।

माथि पेश गरेको बिवरण ठीक साचो छ,झुटा भएमा कानूनी कारवाही भएमा राजी छु/ छौ /मलाई /हामीलाई त्यस महानगरपालिकाबाट व्यवस्था भए बमोजिमको अनुदानमा उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु । छौ ।

संस्थाको छाप

निवेदकको सही

नामः

पदः-

मितिः

संस्थाको नाम................

## अनुसूचि -५

(दफा १० सँग सम्बन्धीत)

<u>अनुदान रकम भुक्तानी आवेदन फाराम</u>

१) भरतपुर महानगरपालिका वडा नं............ बस्ने साझेदार श्री.......................................... छनौट भई माग गरे बमोजिम कृषि यन्त्र उपकरण..............................को खरिद/ बिक्रि मूल्य रु..........................अक्षेरुपी.........................को कृषि यन्त्र उपकरण .............. आपूर्तिकर्ताको खातामा जम्मा गराइएको छ ।

२) कृषि यन्त्र उपकरण बुझी लिनेको नाम............................सही ...............मिति .........साझेदार संस्थाको नाम......................................................

३) ...................................(आपूर्तिकर्ता)लाई....................................कृषि यन्त्र उपकरण खरिद गरे बापत कृषि यन्त्रउपकरणको साझेदारले पाउने अनुदान रकम......................... (अक्षेरुपी...............................................) सम्वन्धित आपूर्तिकर्ता..................... को बैंक खातामा जम्मा गरी दिनु हुन सिफारीस गर्दछु ।

छाप

साझेदारको नाम र ठेगानाः-.........................

आधिकारिक व्यक्तिको सहीः-..........................

आधिकारिक व्यक्तिको नामः-...........................

दर्जाः-.......................................................

महानगरपालिकाको सम्बन्धित शाखाको लागि

४)......................(आपूर्तिकर्ता)को बैंक.........................ठेगानामा रहेको खाता नं...............
...................................................... मिति......................... मा जम्मा गरेको सक्कल भौचर ।

५) उपरोक्त अनुसार भएको देखिएकोले कृषि यन्त्रउपकरण अनुदान रकम रु.................................
अक्षेरुपी .......................................(आपूर्तीकर्ता) को नाममा भुक्तानी प्रयोजनार्थ सिफारीस गर्दछु ।

६)......................................................................... कृषि यन्त्रउपकरण खरिद गरि ल्याएको फोटो ।

सिफारीस गर्नेको सहीः-.......................................
दर्जाः-..............................
मितिः-...............................................

सहीः-............................
दर्जाः-...............................
स्वीकृत गर्ने अधिकारीः-.....................
मितिः-...................................

अनुसूची-६

(दफा ८ सँग सम्बन्धीत)

साझेदार र महानगरपालिका बीच सम्झौता पत्र

भरतपुर महानगरपालिका (यस पछि प्रथम पक्षा भनिने ) र श्री ....................................................
भ.म.न.पा. वडा नं............(यस पछि दोश्रों पक्ष भनिने ) बीच भरतपुर महानगरपालिकाको आ.व............. को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि यान्त्रिकरण सम्बन्धी कार्यक्रम संचालनको लागि मिति.................................गतेको सूचना मुताबिक पेश हुन आएका प्रस्तावहरु मध्ये छनौट भएकोले तपशिल अनुसारका शर्तहरु पालना गरी अनुदानमा यन्त्र उपकरण खरिद कार्यक्रम संचालनका लागि यो सम्झौता गरिएको छ ।

तपशिल

दोश्रो पक्षले आपूर्तीकर्ता मूल्याङ्कन समितिबाट छनौट भएको आपूर्तिकर्ताबाट ....................................
कृषि यन्त्र उपकरण खरिद गर्नुपर्नेछ ।

१०) प्रथम पक्षले कृषि यन्त्र उपकरणको परल मूल्यको ..........................प्रतिशत सम्मको अनुदान रकम बराबर कृषि यन्त्र उपकरण उपलब्ध गराउने छ ।

११)	दोश्रौं पक्षले चाहेको कृषि यन्त्र उपकरणको परल मूल्यको मध्ये अनुदान बाहेकको रकम स्वलगानी गरि खरिद गर्नुपर्नेछ ।

१२)	दोश्रो पक्षले खरिद गर्न चाहेको कृषि यन्त्रउपकरणको खरिद रकम मध्ये अनुदान बाहेकको स्वलगानी रकम छनौट भएका आपूर्तिकर्ताको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

१३)	दोश्रो पक्षले खरिद रकम आपूर्तिकर्ताको बैंक खातामा जम्मा गरेको सक्कल भौचर,बिल बिजक,साझेदारले कृषि यन्त्र उपकरणको फोटो सहित अनुदान रकम भुक्तानीको लागि प्रथम पक्षलाई सिफारीस गर्नुपर्नेछ ।

१४)	कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन,व्यवस्थापन ,जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

१५)	कार्यक्रम संचालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१६)	सम्झौता अनुरुप काम नगर्ने दोश्रो पक्षलाई कार्यालयले अनुदान रोक्का गर्नेछ । सम्झौता बमोजिम अनुदान रकम लिई दुरु पयोग गरेमा दोश्रो पक्षबाट प्रचलित कानून अनुसार हर्जनासहित अनुदान रकम असूल उपर गरिनेछ ।

१७)	सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

<u>साझेदारको तर्फबाट</u>	<u>महानगरको तर्फबाट</u>

सहीः-.....................................	सहीः-
.................................

नामः-.....................................	नामः-................................

दर्जाः-....................................	दर्जाः-.................................

साझेदारको नाम र ठेगानाः-.............................. नाम र ठेगानाः- भरतपुर महानगरपालिका चितवन

**अनुसूची—७**

(दफा ९ सँग सम्बन्धित )

<u>साझेदार र आपूर्तिकर्ता बीचको सम्झौता पत्र</u>

यो सम्झौता मितिः-२०७७..../..../ का दिन .................................(त्यस पछि आपूर्तिकर्ता भनिने) र .......................................(त्यस पछि साझेदार भनिने) बीच कृषि यन्त्र उपकरणहरु अनुदानमा बितरण कार्य सम्पन्न गर्नको लागि "कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धित कार्यविधि ,२०७६"बमोजिम मूल्याङ्कन समितिबाट छनौट भएका कषि यन्त्र उपकरणहरुको मोडेल,ब्राण्ड र क्षमताको स्वलगानी तर्फको रकम सम्वन्धित छनौट भएका आपूर्तिकर्ताहरुको खातामा जम्मा गर्न र सहमत भई तपशिलका शर्तहरुको अधिनमा रहि यो सम्झौता गरिएको छ ।

**शर्तहरुः-**

१)स्वीकृत कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धि कार्यविधि,२०७६ यस सम्झौताको अभिन्न अंग मानिनेछ।

२)मूल्याङ्कन समितिको निर्णय अनुसार कृषि यन्त्र उपकरणको ब्राण्ड /मोडल/क्षमता र अनुदान रकम सम्वन्धित निर्णय यो सम्झौताको अभिन्न अंग हुनेछ ।

३) आपूर्तिकर्ताले निम्न बुँदाहरु अनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

क) साझेदारले कृषि यन्त्र उपकरण बुझ्ने समयमा स्वलगानी रकम आपूर्तिकर्ताको बैंक खातमा जम्मा गर्नु पर्नेछ ।

ख)आपूर्तिकर्ताले स्वलगानी तर्फको रकम दाखिला गरेपछि साझेदारलाई कृषि यन्त्र उपकरण तुरुन्त उपलब्ध गराउन गराउन पर्नेछ । सो अवस्थामा महानगरपालिकाले प्चलित कानून बमोजिम आपूर्तिकर्ताबाट अशुल उपर गर्नेछ।

ग) स्वीकृत अनुदान रकम भन्दा बढी कृषि यन्त्र उपकरण बिक्री गरेमा बढी बिक्री गरिएको कृषि यन्त्र उपकरणमा अनुदान दिइने छैन सो को जिम्मेवारी आपूर्तिकर्ता स्वयंम नै हुनेछ ।

क) आपूर्तिकर्ताले अनुदान लिने साझैदारलाई कृषि यन्त्र उपकरण संचालन तथा मर्मत सम्बन्धि तालिमको व्यवस्था गर्नु पर्नेछ ।

ख) अनुदानमा बितरित कृषि यन्त्र उपकरणमा अनुसूची ८ को ढाँचा अनुसार प्रिन्ट वा प्लेट लेखि अनिवार्य पेश गर्नुपर्नेछ ।

४) साझेदारले निम्न बुदा अनुसारका शर्तहरु पालना गर्नुपर्नेछः-

क)साझेदार कृषि पेशा,व्यवसायमा संलग्न भएको हुनुपर्नेछ ।

ख)अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरण कृषि कार्यमा प्रयोग नगरि अन्य गैर कृषि कार्यमा प्रयोग नगरि अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

ग)साझेदारले स्वलगानी रकम कृषि यन्त्र उपकरण बुझ्ने समयमा सम्झौता भएका आपूर्तिकर्ताको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

घ)यस सम्झौता बमोजिम साझेदारले प्राप्त गर्ने अनुदान रकम आपूर्तिकर्ताले भुक्तानी गर्न समन्वय गर्नुपर्नेछ।

५) सम्झौतामा उल्लेख भएको कुराहरु सम्झौता बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

६) कुनै कुराहरु प्रस्ट नभएमा वा कुनै कुरामा बिवाद भएमा दुवै पक्षको आपसि छलफलबाट निर्णय गरिने छ र केहि गरि टुंगो नलागेमाप्रचलित ऐन नियम अनुसार महानगरबाट भएको निर्णय अन्तिम हुनेछ ।

७) यस कार्यको सम्झौता आज मिति देखि प्रारम्भ हुने छ ।

८) उपरोक्त अनुसारका आपूर्तिकर्ता र साझेदार दुवै सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौं/दियौं।

<u>साझेदारको तर्फबाटआपर्तिकर्ताको तर्फबाट</u>

सहीः-........................................ सहीः-........................................

नामः-........................................ नामः-........................................

दर्जाः-........................................ दर्जाः-........................................

साझेदारको नाम र ठेगाना फर्मको नाम र ठेगानाः-.............................

<u>रोहवर</u>

सहीः-.............................................. नामः-
..............................................

दर्जाः-.............................................

कार्यालयको नाम र ठेगानाः-भरतपुर महानरपालिका,चितवन ।

## अनुसूची-८

(दफा ११ सँग सम्बन्धीत)

अनुदान प्रवाहमा उपलब्ध हुने कृषि उन्नउपकरण आपूर्तिकर्ताले राख्नुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा

| |
|---|
| **भरतपुर महानगरपालिका**<br>कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाबाट...........<br>प्रतिशत अनुदान प्राप्त आ.व.२०७७/०७८<br>आपूर्तिकर्ता:-........................................................ |